# स्थानीय राजपत्र


कपुरकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) कपुरकोट, सल्यान  पौष १३ गते, २०७६ साल -संख्या १


**भाग-१**

कपुरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कपुरकोट, सल्यान

कपुरकोट गाउँपालिकाको छैठौं गाउँसभाले बनाएको तल उल्लेखित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत २०७६ सालको ऐन नं. ३**

## कपुरकोट गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६

**प्रस्तावना :**

विपद् व्यवस्थापनका सबै क्रियाकलापहरुको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संग सम्बन्धित स्थानीय कानुन निर्माण गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम मिति २०७६।९।४ को कपुरकोट गाउँपालिकाको छैठौं गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कपुरकोट गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन, २०७६" रहेकोछ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क ) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ख) “कोष” भन्नाले दफा १२ बमोजिमको विपद् व्यस्थापन कोष सम्झनु पर्छ ।

ग) “गैरप्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट तथा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन तथा वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्छ ।

घ) “जिल्ला व्यस्थापन समिति” भन्नाले ऐनको दफा १६ बमोजिम सल्यान जिल्लामा गठन गरिएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

ङ) “तोकिएको“वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) “प्रदेश विपद् वि्यस्थापन समिति” भन्नाले संघीय ऐनको दफा १४ बमोजिम कर्णाली प्रदेशमा गठन भएको विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत ” भन्नाले गाउँपालिकाको प्रमुख प्रशसकीय अधिकृत सम्झनुपर्छ ।

(ज) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, बाढी, पहिरो, भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखि विष्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले हुने जुनसुकै विपद् सम्झनुपर्छ ।

(झ) “राष्ट्रिय कार्यकारी समिति” भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

(ञ) “राष्ट्रिय परिषद्” भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ ।

(ट) “ राष्ट्रिय प्राधिकरण” भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(ठ) “ विपद्” भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

(ड) “ विपद् खोज तथा उद्धार समूह” भन्नाले विपद्को अवस्थामा खोजि तथा उद्धार गर्न क्रियाशिल वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शव्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँदछ ।

(ढ) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वाविपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ण) “विपद् पुनर्लाभ” भन्नाले विपद्को घटनापछि गरिने पुननिर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(त) “विपद् प्रतिकार्य” भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम्

राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(थ) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(द) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकार खाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ ।

(ध) "समिति" भन्नाले दफा ३ बमोजिमको कपुरकोट गाउँपालिकामा क्रियाशिल गाउँपालिका विपद् व्यवस्थापन समिति सम्झनुपर्छ र सो शब्दले दफा ६ (१) वमोजिम वडास्तरमा क्रियाशील समितिलाई समेत जनाउनेछ ।

(न) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(प) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्नेगरी तोकिएको मन्त्रालय सम्झनु पर्छ

(फ) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था,

प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनुपर्छ ।

(ब) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिका लाई सम्झनु पर्छ ।

(भ) "गाउँ कार्यपालिका" भन्नाले कपुरकोट गाउँपालिकाको कार्यपालिकालाइ सम्झनु पर्छ ।

(म) "वडा" भन्नाले कपुरकोट गाउँपालिकाको वडा समिति वा वडा कार्यालयलाइ सम्झनु पर्छ ।

## परिच्छेद - २

## गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समितिः** (१) नगरपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) विषयगत समितिका संयोजकहरु -सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासनकार्यालय -सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख -सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ज) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य

(झ) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(ञ) पालिकामा रहेको प्रहरी प्रमुख-सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको पालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) -सदस्य

(ढ) गैर सरकारी सस्था महासंघका कास्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(त) विपद् व्यवस्थापन हेर्नेगरी तोकिएको शाखा प्रमुख-सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि क्रमसंख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् कामकारवाही गर्नमा असर पर्नेछैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपप् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन

आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघसंस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले  निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति

योजना र कार्यक्रम अनुरुप हुने गरी नगर विपद् व्यवस्थापन नीतितथायोजनातर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) गाउँ सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदाय र सरोकारवालाहरुलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रहि सार्वजनिक, निजी, गैर सरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्यांकन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा

समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजीकार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुन:सञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदाय स्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) गाउँपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा

जीवनयापनका लागि आयआर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँसभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँकार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद - ३
## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडास्तरीय विपद् व्यवस्थापन समितिः** (१) गाउँपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) वडाअध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(च) स्थानीय रेडक्रस, -सदस्य

(छ) गैर सरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोके बमोजिम न्यूनतम २ महिला सहित ४ जना -सदस्य

(ज) वडा सचिव -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ

(५) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमत द्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाउँपालिका स्तरिय विपद् ब्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडासदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका

प्रतिनिधि लगायत सरोकारवालालाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा पालिका स्तरिय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनैपनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४
## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः**

(१) गाउँकार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि गाउँकार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ वा सो सामाग्री तत्काल आवश्यक भएमा र गाउँपालिकासंग उपलब्ध नभएको खण्डमा गाउँपालिकाले तत्काल छोटो विधिबाट खरिद व्यवस्था गरी आवश्यक सामाग्रीको सहयोग सुरक्षा निकायलाइ उपलब्ध गराउनेछ ।

(३) विपद् प्रतिकार्यका लागि गाउँपालिकाले आँफूसँग नगरप्रहरी उपलब्ध भएमा सोलाई परिचालन गर्नेछ ।

**९. वारुण यन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः**

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दासमितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

**१०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः**

(१) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुर्‍याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाउँपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

**११. विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्नेः** गाउँपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घसंस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

## परिच्छेद - ५
## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. **विपद् व्यवस्थापन कोष :** (१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुरसंकलन गर्नसक्नेछ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद - ६
## कसूर तथा सजाय

१३. **कसूर र सजायः** कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## विविध

**१४. विपद् संकटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :**

(१) नेपाल सरकारले गाउँपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ ।

**१५. नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :**

(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको

स्वीकृति लिएको छ छैन भनि गाउँकार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

**१६. मानवीय तथा अन्य सहायता र समन्वय :** (१) गाउँपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत

अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाउँ कार्यपालिकाको दायित्व हुनेछ ।

१७. **तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने**: (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम गाउँकार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्र भित्रको कुनै सरकारी

कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) गाउँपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

**१८. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाः** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त गाउँपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहात उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछः

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्वोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

**१९.विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमाः** विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

२०. **निर्देशन दिन सक्नेः** समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२१. **उपसमिति गठन गर्न सक्ने :** (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

२२. **अभिलेख राख्नु पर्नेः** (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलव्ध गराईको राहत तथा सोको परिमाण

सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्‌मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्‌का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नुपर्नेछ ।

**२३. पुरस्कार दिन सक्ने :** स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुर्‍याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा गाउँकार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**२४. वार्षिक प्रतिवेदन** (१)समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

**२५.प्रशासनिक खर्च व्यवस्थापन :** समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित

न्युनतम प्रशासनिक खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

२६. **अधिकार प्रत्यायोजन** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **नियम बनाउने अधिकार** : गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

## भाग-१

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कपुरकोट, सल्यान

कपुरकोट गाउँपालिकाको छैठौं गाउँसभाले बनाएको तल उल्लेखित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को

दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत २०७६ सालको ऐन नं. ४

## कपुरकोट गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६

**प्रस्तावनाः**

स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा कपुरकोट गाँउपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको ब्यवस्थापनमा स्पष्ट कानुनी ब्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार अनुसूची ८ को सि.नं. नं.९ र १० का अधिकारहरुलाई र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (झ) र उपदफा ४ को (ख) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम मिति २०७६।९।४ को कपुरकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम कपुरकोट गाँउपालिकाको "स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७६" रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा

(क) "ऐन" भन्नाले कपुरकोट गाँउपालिकाको "स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७६" लाई सम्झनु पर्छ ।

(ख) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय सरकारको “जनस्वास्थ्य सेवा ऐन २०७६”लाई बुझ्नु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले कपुरकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) “निजी” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) “व्यवस्थापन समिति” भन्नाले परिच्छेद ८ को दफा ३९ को उपदफा २ बमोजिम बनेका स्वास्थ्य संस्थाहरुको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ज) “समिति” भन्नाले परिच्छेद ८ को दफा ३९ को उपदफा ७ बमोजिमको कपुरकोट गाँउपालिकाको स्वास्थ्य सुशासन एवं गुणस्तर सुधार सुनिस्चितता कार्य समितिलाई सम्झनु पर्दछ ।

(झ) “सरकारी स्वास्थ्य संस्था” भन्नाले संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(ञ) “प्रादेशिक ऐन” भन्नाले कर्णाली प्रदेश सरकारले स्वास्थ्य सम्वन्धी बनाएको ऐन बुझ्नु पर्दछ ।

(ट) “आकस्मिक स्वास्थ्य सेवा” भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ ।

(ठ) “आधारभुत स्वास्थ्य सेवा” भन्नाले दफा ३ को उपदफा (१) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्कता पूर्तिका लागी राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक,

निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(ड) "गैरसरकारी वा निजि स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्विकृति लिई गैरसरकारी वा निजि क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(ढ) "जोखिमयुक्त क्षेत्र" भन्नाले कार्यस्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रसायनिक, भौतिक तथा जलवायु परिर्वतन जन्य, मनोसामाजिक, शारीरिक, भौतिक तथा भौगोलिक अवस्था रहेको कार्यक्षेत्रलाई सम्झनु पर्छ र सो शव्दले स्वास्थ्य उपचारका बेला स्वास्थ्यकर्मीहरुलाई हुने सम्भाव्य जोखिम समेतलाई जनाउनेछ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियम र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) “परम्परागत उपचार प्रदायक” भन्नाले परम्परागत रुपमा जडिबुटि, जान्तव र खनिजबाट उपचार प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ ।

(थ) “शाखा” भन्नाले कपुरकोट गाँउपालिकाको स्वास्थ्य विषय हेर्ने शाखा सम्झनु पर्छ ।

(द) “सेवाग्राही” भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ ।

(ध) “सेवा प्रदायक” भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र समुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

(न) “स्वास्थ्यकर्मी” भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(प) “स्वास्थ्य सेवा” भन्नाले आधुनिक चिकित्सा ( एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा, योग, अकुपन्चर सोवारिग्पा ( आम्ची) चिकित्सा पद्धतिमा आधारित भई प्रदान

गरिने प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्छ ।

(फ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(ब) "निदान केन्द्र" (डाइग्नोस्टिक सेन्टर) भन्नाले रेडियो इमेजिङ, प्रयोगशालाबाट गरिने जैविक तथा पराजैविक जाँच लगायतका निदानात्मक सेवाहरू प्रदान गर्न कानुन बमोजिम इजाजत प्राप्त संस्थाले सञ्चालन गरेको सेवा केन्द्र सम्झनुपर्छ ।

(भ) मन्त्रालय भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्दछ ।

## परिच्छेदः २

## सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व

**३. स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितताः**

(१) प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्राप्त गर्ने प्रयोजनको लागि प्रचलित कानून तथा गाँउपालिकाले समय समयमा तोके बमोजिमको स्वास्थ्य सम्बन्धि कार्यक्रममा समावेश हुनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

(४) प्रत्येक नागरिकलाई देहायका शिर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा निःशुल्क प्राप्त गर्ने हक हुनेछ :-

(क) खोप सेवा ।

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवति, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन,

गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा ।

(ग) सरुवा रोग सम्बन्धि सेवा ।

(घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा ।

(ङ) मानसिक रोग सम्बन्धी सेवा ।

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा ।

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा ।

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा ।

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त बैकल्पिक स्वास्थ्य सेवा ।

(ट) संघीय सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा ।

(ठ) प्रदेश सरकारले राजपत्रमा सुचना जारी गरी कर्णाली प्रदेशका लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

(ङ) कपुरकोट गाँउपालिकाले स्थानिय राजपत्रमा सुचना जारी गरी गाँउपालिकाको लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

(५) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ

(६) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा कपुरकोट गाँउपालिकाले थपगर्न सक्नेछ । थप गरिएका सेवाहरुको हकमा आर्थिक भार कपुरकोट गाँउपालिकाले ब्यहोर्नु पर्नेछ वा संघ वा प्रदेशसंगको आर्थिक एवं प्राविधिक सहयोगमा समेत सञ्चालन गर्न सक्नेछ ।

(७) गाँउपालिकाले प्रदेश तथा संघ अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुको साझे दारीमा समेत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

४. **आकस्मिक उपचार सेवा :**

(१) गाँउपालिका भित्र संघीय सरकार र प्रदेश सरकारले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि स्वास्थ्य संस्थाहरुले समन्वय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलव्ध गराउन प्रत्येक स्वास्थ्य संस्था भित्रका कर्मचारीहरुको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध हुन नसकेमा त्यस्तो स्वास्थ्य संस्थाले सो स्वास्थ्य संस्थाबाट उपलब्ध हुने उपचार तत्काल उपलब्ध गराई थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम उपचार गर्दा लागेको खर्च सम्बन्धित व्यक्तिको स्वास्थ्य विमा

भएकोमा सो बाट र स्वास्थ्य विमा नभएकोमा वा स्वास्थ्य विमाको रकमले नपुग हुने भएमा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ । तर आधारभुत स्वास्थ्य सेवा अन्तर्गत पर्ने स्वास्थ्य सेवा स्वास्थ्य संस्थाले निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम आकस्मिक उपचार सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राहीलाई उपचार शुरु गरिसकेपछि मात्र त्यस्तो सेवा प्राप्त गर्दा पूरा गर्नु पर्ने प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(६) आकस्मिक उपचार सेवा सम्बन्धि अन्य व्यवस्था संघ, प्रदेश वा गाँउपालिकाले तोकिए बमोजिम हुनेछ ।

## ५. विषेशज्ञ स्वास्थ्य सेवा :

(१) भौगोलिक अवस्था, रोगको प्रकोप दर र सेवाको प्रकृतीका आधारमा कपुरकोट गाँउपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवाको व्यवस्थापन गराउनु पर्नेछ ।

(२) कुनै पनि गैर सरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा गाँउपालिकासँग स्वीकृती लिई संचालन गर्नुपर्ने छ ।

(३) विषेशज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धि अन्य व्यवस्थमा तोकिए बमोजिम हुनेछ ।

## ६. प्रेषण (रेफरल) सेवा :

(१) गाँउपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, बिशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा

आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गरि समन्वय गर्नुपर्नेछ ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नु पर्नेछ

(३) विशेषज्ञ सेवा र आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था बिच आवश्यक प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(४) प्रेषण सम्बन्धि अन्य सेवा र सुबिधा गाँउपालिका, मन्त्रालय र प्रदेशबाट ब्यवस्था गरे बमोजिम वा तोकिए अनुसार हुनेछ ।

## ७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने :

(१) गाँउपालिकाले नेपाल सरकारबाट तोकिए बमोजिम प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) संघीय वा प्रदेश सरकारको समन्वय एवं गाँउपालिकाको उपलब्ध श्रोतको आधारमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न देहाय बमोजिमको कार्यहरु गर्नुपर्नेछ :-

(क) राष्ट्रिय वा प्रादेशिक नीतिको आधारमा नागरिकको स्वास्थ्य संरक्षण र सम्वर्धन गर्ने ।

(ख) स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरी समतामुलक तवरबाटसेवा उपलब्ध गराउने ।

(३) संघ तथा प्रदेशको समन्वयमा गाँउपालिकाले आवश्यकताको आधारमा तोकिएको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरी त्यस्ता संस्थामा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्नेछ ।

## ८. सेवाग्राहीको कर्तब्य :

स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसंग सेवा लिने सेवाग्राहीको कर्तब्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने (खानपिन, योग तथा शारीरिक ब्यायाममा ध्यान दिने) र स्वास्थ्य संस्थाबाट दिइने सेवाको उपभोग गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्ने,

(ग) स्वास्थ्य सेवा प्राप्त गर्न प्रचलित कानुन नेपाल सरकार, प्रादेशिक सरकार तथा गाँउपालिकाले समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रममा समावेस हुनु प्रत्येक

कपुरकोट गाँउपालिकाबासीको कतर्व्य हुनेछ,

(घ) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचारमा स्वास्थ्य कर्मीलाई सघाउ पुऱ्याउने,

(ङ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्यकर्मीप्रति कुनैपनि किसिमको हिंसा नगर्ने, आवश्यकता अनुसार उपचार सहमती फाराम (मन्जुरीनामा) मा हस्ताक्षर गर्ने,

(च) स्वास्थ्य संस्थाले आवश्यक सेवाको लागि प्रेषण गरेमा सम्बन्धित संस्थामा गई सेवा लिने ।

(छ) सिफारिस गरिएको संस्थामा आंशिक वा पुरा उपचार लिन अस्वीकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा उल्लेख गरी हस्ताक्षर गर्ने ।

(ज) दफा (६) को अधिनमा रही स्वास्थ्य संस्थाले प्रेषण गरेको स्वास्थ्य संस्थामा गईसेवा लिने ।

**९. उपचार गराउने दायित्व हुने :**

परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति विरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ ।

**१०. सेवाग्राहीलाई जानकारी दिनुपर्ने :**

(१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहायका विषयमा जानकारी दिनुपर्नेछ :-

(क) प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको सम्बन्धमा जानकारी दिने तर सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिंदा निजको वा समुदायको हित विपरित हुन सक्ने पर्याप्त आधार भएमा स्वास्थ्य संस्थालाई त्यस्तो सूचना गोप्य राख्न कुनै वाधा पर्नेछैन ।

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र उपचार संग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) स्वास्थ्य उपचार सम्बन्धि विकल्पसंग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम सम्बन्धमा,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्विकार गर्न सक्ने र सेवा

अस्विकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्व सम्बन्धमा ।

(२) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव भए सम्म निजले बुझ्न सक्ने भाषामा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा निजको परिवारको उमेर पुगेको सदस्यलाई दिनुपर्नेछ ।

**११. सेवाग्राहीको सुसूचित सहमति (इनफमर्ड कन्सेन्ट) लिनुपर्ने :**

(१) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा निजको सुसूचित सहमति लिनुपर्नेछ । सुसूचित सहमति भन्नाले कानूनी रुपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वामौखिक सहमति सम्झनुपर्दछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि तोकिएको उपचार प्रदान गर्न लिखित सहमति लिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएको अवस्थामा सेवाग्राहीको सुसूचित सहमति बिना स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछ :-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न सक्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशः निजको पति वा पत्नि, बाबु वा आमा, हजुरबुवा वा हजुरआमा, उमेर पुगेका छोरा वा छोरी, दाजुभाई वा दिदिबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम सहमति बिना

नै स्वास्थ्य सेवा उपलब्ध गराईएको अवस्थामा,

(ग) कुनै व्यक्तिलाई उपचार नगर्दा जनस्वास्थ्यमा गम्भिर खतरा उत्पन्न हुने अवस्था रहेकोमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्यु हुन सक्ने वा निजको स्वास्थ्यमा अपुरणीय क्षती पुग्न सक्ने सम्भावना रहेकोमा,

(ङ) सम्बन्धित व्यक्तिले व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्विकार नगरेमा,

(च) तोकिए बमोजिमको अन्य अवस्थामा ।

**१२. समान व्यवहार गर्नुपर्ने :**

(१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण

व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विरामीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार वा सेवा प्रदान गर्दा प्राथमिकिकरण गर्न सक्नेछ ।

(३) कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात, जाती, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, बैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचार वा सेवामा भेदभाव गर्नु, गराउनु हुँदैन ।

**१३. पेशागत आचरण :**

स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मिले सम्बन्धित परिषदहरुले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नु पर्नेछ ।

**१४. गोपनियता कायम राख्ने :**

(१) स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्रदान गरेको उपचार वा सेवा लगायतका सूचनाहरु गोप्य राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा सूचना सार्वजनिक गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन :-

(क) सूचना सार्वजनिक गर्न सेवा ग्राहीले लिखित सहमति दिएमा,

(ख) अदालतको आदेश वा प्रचलित कानून बमोजिम सूचना सार्वजनिक गर्नुपर्ने भएमा,

(ग) सूचना सार्वजनिक नगर्दा त्यसबाट जन-स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने देखिएमा ।

(३) उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि जन-स्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने सम्बन्धमा गाँउपालिकाको स्वास्थ्य शाखा र सामाजिक विकास समितिले निर्णय गरे बमोजिम हुनेछ

## १५. डिस्चार्ज (बर्हिगमन) सारांश दिनुपर्ने :

प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराईरहेको बिरामी वा सेवाग्राहीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिए बमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनुपर्नेछ ।

## १६. स्वास्थ्य संस्थाको दायित्व :

(१) प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समय समेत खुलाई सुचना प्रवाह गर्नुपर्नेछ ।

(२) सुचनाहरु प्रवाह गर्दा नागरिक बडापत्र वा अन्य बिभिन्न संचार माध्यमद्वारा जनतासम्म प्रवाह गर्नुपर्नेछ ।

(३) स्वास्थ्य सेवामा गरिब र पछाडी परेका बर्गको पहुँच स्थापीत गर्ने कार्यविधि र सेवाग्राहीले सेवा नपाएको गुनासो ब्यवस्थापन गर्ने कार्यविधी समेत उल्लेख गरि सुचना प्रवाह गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको संक्रमण नहुने र रोक्ने तर्फ तोकिएको सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्नेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले योग्य सेवाप्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ ।

## १७. स्थानीय प्रशासनलाई जानकारी गराउने :

(१) कसैले दुर्घटना वा अन्य कारणले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफुसंग उपलब्ध भएसम्मको उपचारको सेवा प्रदान गर्नुपर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल स्थानीय प्रशासनलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले सूचना दिंदा उपचार गरिएको व्यक्ति र निजसंग सम्बन्धित उपलब्ध भएसम्मको अन्य जानकारी समेत दिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त भएपछि स्थानीय प्रशासनले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ ।

**१८. उजुरी गर्न सक्ने :**

स्वास्थ्य सेवा प्रदान गर्दा वा उपचारको क्रममा कुनै सेवाग्राहीको स्वास्थ्यमा थप जटिलता देखापरेमा सेवा प्राप्ती वा उपचारको प्रकृया प्रति निजलाई कुनै आशंका भएमा निजले स्वास्थ्य सेवा प्राप्त गर्दा वा उपचारमा संलग्न स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाप्रति तोकिएको निकायमा तोकिए बमोजिमको उजूरी गर्नसक्नेछ ।

**१९. शर्त बन्देज लाग्न सक्ने :**

स्वास्थ्य संस्थाको प्रमुखले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदायकको स्वास्थ्य स्थितिको आधारमा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा निश्चित शर्त बन्देज लागु गर्न सक्नेछ ।

२०. **आवश्यक उपाय अवलम्बन गर्ने :**

प्रत्येक स्वास्थ्य संस्थामा प्रचलित कानूनको अधिनमा रही कर्मचारीको सुरक्षा र रोगको संक्रमण नहुने र रोक्ने तर्फ आवश्यक उपायको अवलम्बन गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## स्वास्थ्य प्रणाली र सेवा व्यवस्थापन सम्बन्धी

२१. **स्वास्थ्य संस्थाको संचालन र नियमन :**

(१) गाँउपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुको संरचना र सो संस्थाले प्रदान गर्ने सेवा सम्बन्धि व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) स्वास्थ्य संस्था तथा सेवा सम्बन्धि न्यूनतम मापदण्ड मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको मापदण्डको अधिनमा रही प्रत्येक स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्नु पर्नेछ

(४) नेपाल सरकार जन-स्वास्थ्य ऐन २०७५ प्रारम्भ हुनुपूर्व स्थापना भई संचालनमा रहेका गाँउपालिका भित्रका स्वास्थ्य संस्थाहरुले गाँउपालिकाले तोकेको समयभित्र उपदफा (२) बमोजिम तोकिएको मापदण्ड पूरा गर्नुपर्नेछ ।

(५) स्वास्थ्य सेवा प्रवाहका लागि निजि वा गैह्र सरकारी स्वास्थ्य संस्थासंग समेत साझेदारी गर्न सकिनेछ

(६) निजि तथा गैह्र सरकारी, निजि वा सहकारी वा गैह्र नाफामुलक वा सामुदायिक स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको मापदण्ड, ईजाजत तथा

नियमनको व्यवस्था नेपाल सरकारको नेपाल राजपत्रमा उल्लेख भए बमोजिम निर्धारण गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्धारण भएको मापदण्ड बमोजिम स्वास्थ्य संस्था संचालन गर्नु पूर्व गाँउपालिकाबाट ईजाजत पत्र अनिवार्य लिनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम स्वास्थ्य संस्थालाई ईजाजत दिने, नविकरण गर्ने तथा त्यस्तो स्वास्थ्य संस्थाको अनुगमन, मुल्याङ्कन तथा नियमन गर्ने सम्बन्धि व्यवस्था यस ऐनले तोकिए बमोजिम हुनेछ ।

(९) गाँउपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्धनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा गाँउपालिका आफैले कम्तिमा एउटा आर्युवेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्नुपर्नेछ ।

## २२. स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड र पुर्वाधार :

(१) गाँउपालिकाले संचालन गर्ने अस्पतालको मापदण्ड यस प्रकार हुनेछ :-

**अस्पताल** :गाँउपालिका आफैले ताकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाँउपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) गाँउपालिकाले संचालन गर्ने स्वास्थ्य संस्थाको मापदण्ड यस प्रकार हुनेछ :-

**स्वास्थ्य चौकी** : गाँउपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) **जनशक्ति** : स्वास्थ्य सहायक ( हेल्थ असिस्टेण्ट)-१

जना, अहेव-२ जना, अनमी-२ जना तथा आवश्यकता अनुसार सहायक कर्मचारीहरु ।

(ख) **भवन कोठा** : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्व तथा उत्तर प्रसुति कक्ष, औजार एवं सामाग्री निर्मली करण कक्ष जस्ता सुविधा सहितको भवन

(ग) **उपकरण** : प्राथमिक उपचारका तोकिए बमोजिमका आधारभूत उपकरणहरु ।

(३) निजी क्षेत्रले अस्पताल संचालन गर्नसक्ने ।

(क) गाँउपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको

संचालन अनुमती गाँउपालिकाले दिन सक्नेछ ।

(ख) उपदफा (३) को खण्ड (क) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाँउपालिकामा निवेदन दिनु पर्नेछ ।

(ग) स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(घ) उपदफा (३) को खण्ड (ग) को आधारमा गाउँ कार्यपालिकाले

३० दिन भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय-पत्र प्रदान गर्नेछ ।

(ङ) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ

(च) उपदफा (३) को खण्ड (ङ) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(४) **अस्पताल संचालन गर्न आवश्यक मापदण्डः** गाँउपालिकाको स्वीकृतीमा

संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(क) जनशक्तिः कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी ।

(ख) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ आदि ।

(ग) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको,

अक्शिजनको व्यवस्था, चिकित्सा जन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(५) **पोलिक्लिनिक संचालनको अनुमती :**

(क) गाँउपालिकाले आफ्नो कार्य क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(ख) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाँउपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(६) **प्रयोगशाला वा ल्याबोरेटोरी संचालन :** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय

बमोजिमको विवरण सहित गाँउपालिका बाट स्वीकृती लिनु पर्नेछ ।

(क) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र ।

(ख) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात ।

(ग) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(घ) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(ङ) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

(७) **फार्मेसी संचालनको अनुमती :**

(क) गाँउपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाँउपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(ख) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(ग) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(घ) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

(८) उपदफा (१) देखि (७) सम्म जुनकुरा लेखिएको भएता पनि कुनै पनि अस्पताल, पोलिक्लिनिक, फार्मेसी र प्रयोगशाला संचालन सम्बन्धिका मापदण्डहरु प्रदेश वा संघीय सरकारले तय गरे बमोजिम समेतको हुनुपर्नेछ

(९) **मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(क) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती

खारेजीको लागि गाँउपालिकामा सिफारिस गर्न सक्नेछ ।

(ख) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सोको आम जनतालाई जानकारी दिइने ।

(ग) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

(घ) तोकिए बमोजिमको मापदण्ड पूरा नगर्ने र तोकिए बमोजिमको ईजाजत-पत्र नलिई

संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको ईजाजत-पत्र स्वतः खारेज भएको मानिनेछ ।

(१०) सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाँउपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

(११) **पूर्वाधार विकास :**

(क) गाँउपालिकाले संघीय सरकार तथा प्रदेश सरकारसगँको समन्वयमा स्वास्थ्य भौतिक पूर्वाधारको बर्तमान अवस्था लेखाजोखा गर्ने छ ।

(ख) बिगतका सम्झौता भै निमार्ण कार्य सम्पन्न हुन नसकेका

भौतिकसंरचनालाई नियमानुसार समय मै निमाण गर्नुपर्नेछ ।

(ग) गाँउपालिकाले पालिकाभित्र मर्मत तथा निर्माण गर्नुपर्ने भौतिक पूर्वाधारलाई सघिंय र प्रदेश सरकारसँग समन्वय गरी आवधिक एवं रणनैतिक योजना बनाई लागु गर्नुपर्नेछ ।

(घ) नयाँ निर्माण हुने भौतिक संरचनाहरु अपाङ्ग र जेष्ठ नागरिक मैत्रि हुन पर्नेछ र वर्तमान सरंचनालाई पनि सेवाग्राही मैत्रि बनाउनका लागि स्वास्थ्य संस्थाहरुको स्तरोन्नती एवं पूर्वाधार विकास योजना बनाई गाँउपालिकाले लागु गर्नुपर्नेछ ।

(ङ) गाँउपालिकाले प्रत्येक स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला व्यवस्थापन र संक्रमण नियन्त्रण

गर्न संघिय, प्रदेश सरकारको मापदण्डलाई पालना गर्नु गराउनु पर्नेछ र सर्त अनुसारका अस्पतालमा वेष्ट केयर म्यानेजमेटको अवधारणा लागु गर्नुपर्नेछ ।

(च) प्रत्येक स्वास्थ्य संस्थामा अन्य संघ संस्थासगँको सहकार्यमा मापदण्ड अनुसार रक्तसञ्चार केन्द्र संचालन गर्न सकिनेछ ।

## परिच्छेद - ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धि व्यवस्था :

**२३. स्वास्थ्यकर्मीको व्यवस्थापन :**

गाँउपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार: स्थानीय माग र विशिष्टताका आधारमा गाँउपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाँउपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाँउपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

## २४. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको ब्यवस्था:

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन गाँउपालिकाले पुरुष स्वास्थ्य

अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु देहाय बमोजिम नियूक्त गर्न सक्नेछ :-

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा उत्तीर्ण गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाँउपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाँउपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरि बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

(५) उपदफा ४ अन्तर्गत अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु थप गर्नु पर्ने अवस्थामा भौगोलिक विकटतालाईसमेत मध्येनजर राख्नु पर्नेछ ।

## २५. स्वास्थ्यकर्मीको सेवा सुविधा :

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिने छ ।

**२६. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति :**

सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ :-

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा

गाँउपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) गाँउ कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण १ जना विज्ञ – सदस्य

(ग) गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२७. कर्मचारी सरुवा :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्ने छ । विशेष परिस्थिती बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाँउपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

## २८. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाँउपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२९. कार्यसम्पादन मूल्यांकन :**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन र पुरस्कार गाँउ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था :

**३०. औषधी, स्वास्थ्य उपकरण एवं सामाग्रीहरुको खरिद सम्बन्धि व्यवस्था :**

(१) वार्षिक खरिद योजना बनाउनु पर्नेः

(क) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई गाँउकार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(ख) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद समितीले तयार गर्नेछ ।

(ग) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाँउपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउनेछ ।

(घ) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा अर्को व्यवस्था नभईन्जेल सम्म नेपाल सरकारको सार्वजनिक खरिद ऐन २०६३ को प्रावधान अनुसार गर्नुपर्नेछ ।

(२) औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको भण्डारण :

(क) खरिद गरिएको औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको सुरक्षित भण्डारणको ब्यवस्था गाँउपालिका स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिसमा अर्को व्यवस्था नभईन्जेलसम्म नेपाल सरकारबाट तोकिएको औषधी, स्वास्थ्य उपकरण तथा सामागृ्रि भण्डारण निंर्देशीका अनुसार व्यवस्था गरिने छ ।

(ख) गाँउपालिकाले खरिद गरेको उपकरण, औषधी र सामाग्रीको

कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्नेछ ।

(ग) सम्वन्धित स्वास्थ्य संस्थाले गाँउपालिकाबाट प्राप्त गरेको औषधी, उपकरण र सामाग्रीको आम्दानी र खर्चको विस्तृत विवरण तोकिएको समयावधिमा सम्वन्धित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको निर्णय मार्फत गाँउपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

(घ) गाँउपालिका अन्तर्गत औषधि, उपकरण तथा सामाग्री भण्डारणको लागि पालिका स्तरीय भण्डारकक्षको व्यवस्था गाँउकार्यपालिकाले मिलाउनु पर्नेछ ।

(ङ) महामारी एवं विपद व्यवस्थापनका लागि तीन महिना सम्मको लागी पुग्नेगरी वैकल्पिक जगेडा मौजदात कायम हुनुपर्नेछ ।

(३) औषधीको व्यवस्था :

(क) गाँउपालिका अर्न्तगतका सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवा अन्तर्गत आवश्यक पर्ने औषधिहरु नागरिकहरुलाई निःशुल्क वितरण गरिनेछ ।

(ख) गाँउपालिकामा खपत हुने अन्य औषधीको मुल्य नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) औषधी बिक्रिकर्ताले आफुले विक्रि गरेको औषधीको बिल

अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(ङ) औषधी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र नेपाल सरकारले तोके बमोजिमहुनेछ ।

**३१.स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाँउपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिइने छ ।

## परिच्छेद - ६

## जन-स्वास्थ्यको संरक्षण, सम्वर्द्धन र वातावरणीय व्यवस्था :

**३२. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाँउपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाँउपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका

सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(३) आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिमको द्रुत प्रतिकार्य टोलीको निर्माण गाउँ कार्यपालिकाले गर्नुपर्नेछ ।

(४) महामारी तथा विपद व्यवस्थापनका लागि गाँउपालिकाले विपद जोखिम न्यूनिकरणका लागि विपद प्रतिकृया एवं पूर्व तयारी योजना बनाई लागु गर्नुपर्नेछ ।

(५) महामारी वा विपदको परिभाषा मन्त्रालय वा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

## ३४. सरसफाइ तथा फोहोर मैला व्यवस्थापन :

(१) गाँउपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(५) स्वास्थ्य जन्य फोहरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमनका लागि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

(६) प्रत्येक स्वास्थ्य संस्थाले तोकेको मापदण्ड बमोजिम जोखिमरहित र जोखिमयुक्त फोहरहरुलाई छुट्याई व्यवस्थापन गर्ने कर्तव्य हुनेछ ।

(७) प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थाले सेवा प्रदायकलाई स्वच्छः खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

**३५. जनस्वास्थ्यको संरक्षण, सम्वर्द्धन**

(१) गाँउपालिका भित्र खाद्यान्न, मासु, पानी लगायतका उपभोग्य वस्तु उत्पादन,

भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ बनाउने सम्बन्धमा संघीय सरकार र प्रदेश सरकारले तोकेको र प्रचलित कानुनलाई आधार मानी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) कपुरकोट गाँउपालिका भित्र ध्वनी, वायू तथा जल प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनिकरण गर्नका लागि संघीय कानुन, प्रदेश सरकारले तोकको मापदण्ड अनुसार हुनेछ ।

(३) वातावरणीय प्रदुषण तथा फोहोरमैलाबाट पर्ने प्रतिकुल प्रभाव नियन्त्रणका लागि संघीय सरकार, प्रदेश सरकारको मापदण्डलाई नै लागु गरिनेछ ।

**३६. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाँउपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाँउपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकुल असर गर्ने कुनैपनि विज्ञापन सामाग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाईने छैन ।

(६) मानसिक तथा शारिरीक स्वास्थ्यलाई असर गर्ने कुनै सामाग्री तथा सेवा तर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाईने छैन ।

(७) उपदफा (५) र (६) बमोजिमको हर्कत देखिएमा कार्यपालिकाको निर्णय बमोजिम कारवाहीको लागि स्थानीय प्रशासनमा सिफारिश गरिनेछ ।

## परिच्छेद - ७

## स्वास्थ्य, वित्त र सामाजिक सुरक्षा :

**३७. स्वास्थ्य सेवाको लागि बित्त ब्यवस्थापनः**

(१) यस ऐनमा उल्लेखित सबै प्रकारका स्वास्थ्य सेवा प्रवाह गर्न कपुरकोट गाँउपालिकाले कुल वार्षिक बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य सेवामा छुट्याउनेछ । यस्तो बजेट बार्षिक रुपमा बृद्धि गर्दै लैजानुपर्नेछ ।

(२) गाँउपालिकाले गाँउपालिका भित्रका नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन कोषको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने **“आकस्मिक स्वास्थ्य सेवा कोष”**मा देहाय बमोजिमका रकमहरु रहनसक्नेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) गैह्र सरकारी तथा निजि संघ संस्थाबाट प्राप्त रकम ।

(घ) दातृ निकायबाट प्राप्त रकम ।

(ङ) गाँउपालिकाबाट कोषको लागि विनियोजित रकम ।

(४) उपदफा (२) बमोजिमको आकस्मिक स्वास्थ्य सेवा कोषको संचालन तथा

व्यवस्थापन विधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनुपर्नेछ ।

(५) पालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा उपलब्ध रकम वा श्रोतको परिचालन स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम प्रचलित कानूनको अधिनमा रही परिचालन गर्नुपर्नेछ ।

(६) हरेक स्वास्थ्य संस्थाको आर्थिक कारोबार संचालनका लागि छुट्टै बैंक खाता हुनेछ र उक्त खाताको संचालन उपदफा (५) बमोजिमको अधिनमा रही सम्बन्धित स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) प्रत्येक स्वास्थ्य संस्थाहरुले वार्षिक लेखा परिक्षण गर्ने व्यवस्था लागु गरिनेछ

(८) गाँउपालिका स्तरमा समेत स्वास्थ्य कार्यक्रमको वार्षिकलेखापरिक्षण गरिनेछ ।

३८. **सामाजिक सुरक्षा :**

(१) नेपाल सरकारद्वारा कार्यान्वयनमा रहेको स्वास्थ्य बिमामा कपुरकोट गाँउपालिकाका सबै नागरिकलाई आबद्ध गराइनेछ । आर्थिक अभावका कारण विमामा आवद्ध हुन नसक्ने अति बिपन्न तथा पछ्याडि परेका वर्गलाई कपुरकोट गाँउपालिकाले संघीय, प्रदेश सरकारसँगको सहकार्यमा निःशुल्क विमा गराउने व्यवस्था गर्नुपर्नेछ ।

(२) गाँउपालिका भित्र रहेका लक्षित बर्ग, महिला, बालबालिका, असहाय, अति बिपन्न तथा संघीय, प्रदेश र कपुरकोट गाँउपालिकाले तोकेका अन्य लक्षित समुहलाई बिशेष सामाजिक स्वास्थ्य सुरक्षा ब्यवस्था तोकिए बमोजिम मिलाउनुपर्नेछ ।

## परिच्छेद - ८

## स्वास्थ्य सेवा प्रवाहमा सुशासन

**३९. स्वास्थ्य सेवामा सुशासन :**

(१) कपुरकोट गाँउपालिका भित्र प्रत्येक सरकारी स्वास्थ्य सेवामा सुशासन कायम गरी जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य संस्थाहरुमा एक स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति रहनेछ

(२) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्वीकृत नमूना कार्यविधि २०७५ अनुरुप गरिनेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन

समितिको काम, कर्तव्य र अधिकार समेत स्वास्थ्य मन्त्रालयबाट स्वीकृत नमूना कार्यविधि २०७५ मा उल्लेख भए अनुरुप हुनेछ ।

(४) गाँउपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाहरुले आफूले बर्षभरी प्रदान गरेको स्वास्थ्य सेवाको सामाजिक लेखा परीक्षण गराउने व्यवस्था मिलाईनेछ

(५) गाँउपालिकाले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने हिंसा रोक्न र सुरक्षा प्रदान गर्न बहुपक्षीय समन्वय गरी छुट्टै ब्यवस्था गर्नुपर्नेछ । यस्तो कार्य गर्दा स्थानीय तहको अगुवाई र सहकार्य सुनिश्चित गर्नुपर्नेछ ।

(६) स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितताका लागि गाँउपालिका स्तरमा एक समितिको गठन गरिनेछ र उक्त समितिको नाम पालिका स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर

सुनिश्चितता तथा अनुगमन समिति रहनेछ ।

(७) उपदफा (६) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | गाँउपालिकाको अध्यक्ष | संरक्षक |
| (ख) | स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य | अध्यक्ष |
| (ग) | स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको २ जना | सदस्य |
| (घ) | आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| (ङ) | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ | सदस्य |

| | | |
|---|---|---|
| | जना | |
| (च) | गाँउपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्था प्रमुख मध्ये कार्यपालिकाले तोकेका १ जना | सदस्य |
| (छ) | पालिका क्षेत्र भित्र कार्यरत पारामेडिक्स मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना | सदस्य |
| (ज) | पालिका क्षेत्र भित्रका स्वास्थ्य सम्बन्धि गैरसरकारी संस्थाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना | सदस्य |
| (झ) | दलित, जनजाती, सिमान्तकृत र अल्प संख्यक मध्ये कार्यपालिकाले मनोनित गरेको १ जना | सदस्य |
| (ञ) | गाँउपालिकाको प्रमुख | सदस्य |

| | | |
|---|---|---|
| | प्रशासकीय अधिकृत | |
| (ट) | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

उक्त समितिको प्रत्येक बैठकमा गाँउपालिका उपाध्यक्षलाई आमन्त्रित गर्नुपर्नेछ र समितिको समयावधि कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा (७) बमोजिम गठन गरिएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो कार्यक्षेत्र भित्र तथ्यमा आधारित स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।

(ख) गाँउपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाँउपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा

आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) कर्मचारी सरुवा बढुवा वृद्धि, विकास सम्वन्धि विभिन्न प्रकारका कार्यहरु संञ्चालन गर्ने

(ञ) कार्य पालिकाले तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(९) यस गाँउपालिकाले अर्को व्यवस्था नभएसम्म नेपाल सरकारबाट मिति २०७५।६।२ मा प्रमाणिकरण भएको **सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५** लाई पालना गर्न गराउन पर्नेछ ।

(१०) यस गाउँपालिका वा पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नागरिकहरुको स्वास्थ्य सेवा पाउने वा सुसूचित हुने हकलाई सुनिश्चित गर्न नागरिक बडापत्र अनिवार्य गरिनेछ तथा अन्य संचारको प्रयोग समेत गर्न सकिनेछ ।

(११) गाउँपालिका वा पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नागरिक वा सेवाग्राहीको सुझावलाई सम्बोधन गर्न सुझाव संकलन एवं सम्बोधन प्रकृया सम्बन्धि कार्यविधि तयार गरी लागु गरिनेछ ।

(१२) स्वास्थ्य संस्थाहरुमा आधारभुत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पर्ने औषधि, सामाग्री, उपकरण र जनशक्तिको व्यवस्थापनलाई सुनिश्चित गरिनेछ ।

(१३) प्रत्येक स्वास्थ्य संस्थाहरुमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्वीकृत स्वास्थ्य प्रणाली एवं संस्थागत क्षमताको नियमित लेखाजोखा गरी पालिका स्तरमा प्रतिवेदन गर्ने प्रणालीको स्थापना एवं कार्यान्व्यन गरिनेछ ।

## परिच्छेद - ९

**४०. स्वास्थ्य अनुषन्धान, सूचना ब्यवस्थापन, अनुगमन, मुल्याङ्कन**

(१) स्वास्थ्य अनुसन्धान :

(क) कपुरकोट गाँउपालिकाले स्वास्थ्य सेवा संग सम्बन्धित बिषयमा अध्ययन, अनुसन्धान, खोजको व्यवस्था गर्न सक्नेछ ।

(ख) गाँउपालिकाले नगर भित्र उपलब्ध औषधी जन्य जडीवुटीको अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण बिकास, उपभोग गर्न बहुपक्षीय सहकार्य (स्थानीय तह, निजिक्षेत्र तथा अन्य मन्त्रालयसँग) गर्न छुट्टै मापदण्ड बनाई कार्य गर्नेछ ।

(२) सूचना ब्यवस्थापन :

(क) स्वास्थ्य सेवा सुचना व्यवस्थापन तथा आपूर्ति व्यवस्थापन सुचना प्रणालीलाई व्यवस्थित गर्नु पर्नेछ र सोको आधारमा प्रत्येक बर्ष स्वास्थ्य

क्षेत्रको बार्षिक रिपोर्ट तयार गर्नुपर्नेछ ।

(ख) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख राख्ने र सो अनुसारको प्रतिबेदन तोकिएको निकाय समक्ष प्रतिवेदन पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था र गाँउपालिका स्वास्थ्य शाखा प्रमुखको दायीत्व हुनेछ ।

(३) अनुगमन, मुल्याङ्कन :

(क) गाउँपालिका मातहत रहेका सरकारी स्वास्थ्य संस्था तथा गाँउपालिकाले स्वीकृती प्रदान गरेका निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले तोकिएको मापदण्ड अनुसार सेवा प्रदान र सर्त पूरा गरे वा नगरेको सम्बन्धमा गाँउपालिका आफै

वा अन्य निकाय मार्फत नियमन, निरिक्षण अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

(ख) स्वास्थ्य संस्थाहरुबाट प्रतिवेदन गरिएका सेवाग्राहीको तथ्याङ्क र आपुर्ति व्यवस्थापनको सूचना प्रतिवेदनको पालिका स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति मार्फत नियमित तथ्याङ्क गुणस्तर परिक्षण गरिनेछ ।

(ग) नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्वीकृत गुणस्तरीय स्वास्थ्य सेवा सम्बन्धिका सूचकहरुको आधारमा सेवा प्रवाहको अवस्थाको अनुगमन गरिनेछ । उक्त अनुगमन स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति मार्फत गरी

कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद - १०

## विविध

**४१. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाँउपालिकाबाट सिफरिस लिनुपर्नेछ

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाँउपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**४२. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :**

संघ वा प्रदेशबाट जारी गरिएका राष्ट्रिय वा प्रादेशिक अभियानहरुलाई सफल गराउन गाँउपालिका स्तरबाट सहयोग पुऱ्याउनु पर्नेछ ।

प्रमाणीकरण मिति :

आज्ञाले,

हिरालाल भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

## भाग-१

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कपुरकोट, सल्यान

कपुरकोट गाउँपालिकाको छैठौं गाउँसभाले बनाएको तल उल्लेखित नीति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सुशासन (सञ्चालन तथा ब्यवस्थापन) नीति, २०७६

**प्रस्तावना**

नेपालको संविधान २०७२ को धारा ५१ (ख) (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने प्रावधान रहेको छ ।

सुशासन ऐन, २०६४ र सुशासन प्रर्वद्धन रणनीति तथा कार्ययोजना २०७४ मा सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी सहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानुनको शासन , भष्टाचारमुक्त, र चुस्त प्रशासन, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र श्रोतको कुशल ब्यबस्थापन जस्ता असल शासनका आधारभुत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो ढंगवाट पाउने ब्यबस्था सिर्जना गरी मुलुकमा सुशासनको प्रत्याभुति दिने सम्बन्धमा ब्यबस्था गरिएको छ ।
तसर्थ सुशासन ऐन, २०६४ र सुशासन प्रर्वद्धन रणनीति तथा कार्ययोजना २०७४ को मर्मलाई नागरिकले अनुभुत हुने तरिकाले सार्वजनिक सेवा र सार्वजनिक प्रशासनलाई प्रभावकारी बनाउन सुशासन प्रर्वद्धन रणनीति तथा कार्ययोजना २०७४ बमोजिम प्रचलित कानुन बमोजिम स्थानीय तहले पारदर्शिता, जवाफदेहिता र सदाचार ब्यवस्थापनका लागि आवश्यक नीति, ऐन, नियम, कार्यविधि गाउसभावाट तर्जुमा गरी लागु गर्ने ब्यवस्था अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम मिति २०७६।९।४ को कपुरकोट गाउँपालिकाको गाउँ सभाले यो नीति तर्जुमा गरेको छ ।

## परिच्छेद – १

## उद्देश्य,संक्षिप्त नाम र परिभाषा

### १. उद्देश्य

क) स्थानीय तहको कामलाई प्रभावकारी, गुणस्तरीय, पारदर्शी, मितब्ययी बनाई नागरिकलाई सुशासनको अनुभुति प्रदान गर्ने ।

ख) स्थानीय तहको शासन ब्यबस्थामा नागरिकको अर्थपुर्ण सहभागिता अभिवृद्धि गरी सुलभ सहज गुणस्तरीय सेवा प्रवाहका लागि नागरिक अनुगमनलाई प्रभावकारी बनाउने ।

ग) नागरिक समाज, निजी क्षेत्र, स्थानीय समुदायमा आधारित नागरिकहरुका संस्था समूहहरुको सहकार्यमा स्थानीय शासनलाई सदाचारयुक्त, अनुशासित, नागरिक प्रति संवेदशील, जिम्मेवार र उत्तरदायी बनाउने ।

घ) सुशासनलाई जनताले प्रत्यक्ष अनुभव गर्ने गरी कार्यालयको समग्र कार्यप्रणालीलाई सुशासनमुखी बनाउने ।

ङ) सुशासन प्रवर्द्धनका लागि सामाजिक जवाफदेहिताका औजारहरुलाई स्थान समय र कार्यालयको क्षमता अनुसार प्रभावकारी अभ्यास गर्ने प्रणाली स्थापित गर्ने ।

### २. संक्षिप्त नाम र प्रारम्भः

(१) यस नीतिको नाम सुशासन प्रवर्द्धन नीति, २०७६ रहेको छ ।

(२) यो नीति तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमाः**

क) "सुशासन नीति भन्नाले - कपुरकोट गाउपालिकाको सुशासन प्रवर्द्धन नीति २०७६ लाई सम्झनु पर्छ ।

ख) "ऐन" भन्नाले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ सम्झनुपर्छ ।

*ग)* "रणनीति तथा कार्ययोजना " भन्नाले सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४ सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले कपुरकोट गाउँ कार्यपालिका सम्झनुपर्छ ।

ङ) "अध्यक्ष" भन्नाले गाउपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

छ) "कार्यपालिका" भन्नाले कपुरकोट गाउ कार्यपालिका सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुख सम्झनुपर्छ ।

(झ) "गाउँपालिका" भन्नाले कपुरकोट गाउपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

४. सुशासन (सञ्चालन तथा व्यवस्थापन) नीतिः

क) स्थानीय तहको कामकारवाही लाई खुल्ला, पारदर्शी र प्रभावकारी तथा दिगो र परिणाममुखी बनाउने ।

ख) सदाचारयुक्त, उच्च मनोबल भएका जिम्मेवार कर्मचारीवाट स्वच्छ कार्य सम्पादन र सुशासनमुखी तथा नीति निर्माण र प्रभावकारी गरी निश्पक्ष प्रशासन सञ्चालन गर्ने ।

ग) सेवाग्राहीहरुमा सुशासनको अनुभूती हुने गरी कार्यालय र सेवाग्राही वीच सुमधुर अन्तर सम्बन्ध, समन्वय र सहकार्यको वातावरण सृजना गर्ने ।

घ) नागरिकका गुनासाहरुको सुनुवाई, सुचनाको पहुँच निर्माण गर्न सहज सरल प्रणालीको स्थापना गर्ने ।

ङ) कार्यालयवाट प्रदान गरिने सेवा, सुविधा र अवसर, निर्णयहरुलाई पारदर्शी बनाउन र नागरिकलाई सहज पहुँचमा पुऱ्याउनका लागि कार्यालयमा विद्युतीय सूचना प्रविधिको विकास गर्ने ।

च) नागरिक र सेवाग्राही वीच सेवा प्रवाह, स्रोत र साधानका वीच सामञ्जस्यता कायम गर्न र सरकारले गरेका

कामको जानकारी तथा सुझाव संकलन गर्नका लागि सम्वाद, छलफल, सुनुवाईका माध्यम अपनाउने ।

छ) कार्यालयवाट प्रदान गरिने सेवा सरल, छिटो छरितो बनाउने

ज) भष्टाचार विरुद्ध सुन्य सहनशिलताको नीति अवलम्बन गर्ने नीतिगत ब्यबस्था साथै कार्यक्रम वा आयोजना कार्यान्वयनमा हुन सक्ने अनियमितता, भष्टाचार र अख्तियारको दुरुपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने उपर प्रचलित कानुन बमोजिम कार्वाही गर्ने

झ) प्रचलित कानुन बमोजिम स्थानीय तहले पारदर्शिता जवाफदेहिता र सदाचारका लागि सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लैगिक उत्तरदायी वजेट एवं समावेशी वजेट परीक्षण, सामुदायिक अंक तालिका सम्वन्धी कार्यविधि तर्जुमा गर्ने ।

ञ) प्रचलित कानुन बमोजिम स्थानीय तहले सुशासन मापनका लागि न्युनतम शर्त तथा कार्यदक्षता मापन (minimum conditions and performance (MCPM) वा सुशासन मापन विधि (Good Governance Barometer) को कार्यन्वयन गर्ने । सोका आधारमा सुचक सम्पन्नताको स्तर मापन गरी सुशासनमैत्री गाउँपालिका घोषण गर्ने ।

ट) कार्यालयबाट निर्माण हुने नीतिहरु र योजना निर्माणमा नागरिकहरुको सहभागिता र समावेशिताको सिद्धान्त अपनाई निर्माण गर्ने र सहभागिता, सुशासन, पारदर्शिता, दीर्घकालीन हित र परिणाममुखी विकासको लक्ष स्थापित गर्ने प्रणाली स्थापना गर्ने ।

ठ) दिगो विकास सुशासनका लागि राज्य, नागरिक समाज र निजि क्षेत्र वीच समन्वय र सहकार्य वृद्धी गर्दै खुल्ला सरकार साझेदार नीति अबलम्बन गर्ने ।

## परिच्छेद-३

५. सुशासन समिति, भुमिका र जिम्मेवारीः

क) सुशासन प्रर्वद्धन रणनीति तथा कार्ययोजना २०७४ को अनुसुची १ अनुसार गाउँपालिकामा सुशासन समिति निर्माण गर्ने ।

ख) अध्यक्ष, उपाध्यक्ष, सदस्यहरु प्रत्येकको काम जिम्मेवारी र भूमिका स्पष्ट गर्ने । पदाधिकारीको कार्यविभाजन र जिम्मेवारी निर्धारण गर्ने ।

ग) संगठन ब्यवस्थापन सम्वन्धी अध्ययन गर्ने, दरवन्दी सृजना, भर्ना, सरुवा, पदोन्नती तालिम र उत्प्रेरणाको स्पष्ट योजना बनाई लागु गर्ने ।

घ) प्रत्येक समिति, संयन्त्र, विषयगत शाखामा पदाधिकारी र कर्मचारीको काम कर्तब्य र जिम्मेवारी उल्लेख गरेको पत्र कर्मचारी नियुक्ती वा पदस्थापन हुदा अनिवार्य बुझाउने ब्यबस्था गर्ने ।

ङ) संघ प्रदेश र अन्य नगर वा गाउँपालिकाहरु, विकास सझेदारहरु, मन्त्रालय विभाग वा निकाय संगको समन्वय र सहकार्य सम्वन्धी नीतिहरु तर्जुमा गरी लागु गर्ने ।

## परिच्छेद-४

६. सुशासनमैत्री कार्यालय सञ्चालन तथा ब्यवस्थापनः

क) स्थानीय तहको वार्षिक सेवा प्रवाहको समयतालिका निर्माण, क्यालेण्डर प्रकाशन गरी सार्वजनिक गर्ने ।

ख) कर्मचारीहरुको विद्युतीय पद्धती अनुसार हाजिरीको ब्यबस्था गर्ने । कार्यलय छोडनु पर्दा कर्मचारीको लगबुक राख्ने । निजको अनुस्थितिमा वैकल्पिक कर्मचारको ब्यबस्था गर्ने ।

ग) गुनासो सुन्ने अधिकारीको ब्यबस्था, गुनासो दर्ता मौखिक, लिखित र अनलाईन, सम्वन्धित गुनासोकर्तालाई गुनासो सुनुवाईको अवस्था वारे जानकारी दिने

घ) गुनासो पेटिका  राख्ने । गुनासो सुनुवाई सम्वन्धी कार्यविधि तर्जुमा गर्ने ।

ङ) नागरिक सहायता कक्षको ब्यबस्था गर्ने, जेष्ठ नागरिक, असहाय, विरामी, अपांग, असक्तलाई सेवाको पहुचमा पुऱ्याउने संरचना र प्रणालीको ब्यबस्था गर्ने र सेवा प्रवाह गर्दा त्यस्ता ब्यक्तिलाई प्राथमिकता दिने ।

च) विषयगत शाखाको स्थापना गर्ने । विषयगत शाखा , वडा कार्यालय र निर्वाचित पदाधिकारी र कर्मचारीको जिम्मेवारी निर्धारण कार्यविधि तर्जुमा गर्ने ।

छ) कार्यालयको संगठन संरचना, संगठनको चार्ट तयार गर्ने , विषयगत शाखा, वडा कार्यालय, कर्मचारीको दरवन्दी फोटो सहितको नामावली र स्पष्ट कार्यविवरण तयार गरी सम्वन्धित कर्मचारीको कार्यकक्षमा राख्ने ।

ज) नागरिकलाई सेवा लिन आवश्यक सम्पुर्ण फाराम एकै स्थलमा कार्यालयले नै उपलब्ध गराउने ।

झ) एकद्वार वाटै सेवाग्राहीले सेवा पाउने ब्यवस्था गर्ने

ञ) सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतका सुविधालाई अशक्त, अपागं अति वृद्धको हकमा घरदैलोमा पुऱ्याउने ब्यवस्था गर्ने ।

ट) सबै सेवाग्राहीलाई सेवा लिने पालो प्रणाली वा क्यू प्रणालीको व्यबस्था गर्ने । पालो पर्खने स्थानको व्यवस्था गरी उक्त स्थानमा पिउने पानी, शौचालय, पंखा र सकेसम्म इन्टरनेटको व्यवस्था गर्नु पर्ने ।

ठ) नियमित पत्रकार भेटघाट, प्रबक्ता र कार्यालयमा सूचना अधिकारीको ब्यवस्था गर्ने । सूचना वर्गीकरण र अद्यावधिक गरी प्रत्येक ३ महिना मा तोकिएको ढाँचामा वेभपेज र सूचनापाटीमा सार्वजनिक गर्ने ।

## परिच्छेद-५

७. स्वच्छ, निश्पक्ष प्रशासन सन्चालन

क) पदाधिकारी र कर्मचारीको अलग अलग आचारसंहिता तर्जुमा गर्ने । आचार संहितामा कर्तब्य पालना, सदाचार, पदीय र पेशागत आचारण संग सम्वन्धी ब्यवस्थाहरु स्पष्ट संग उल्लेख भएको हुनु पर्ने ।

ख) न्यायिक समिति गठन, सञ्चालन र ब्यवस्थापन सम्वन्धी कार्यविधि तर्जुमा गर्ने ।

ग) गाउँपालिकाको योजना बैंक बनाउने र वेभ पेजमा समेत अद्यावधिक गरी राख्ने ब्यवस्था गर्ने । सोही आधारमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्ने ।

घ) जेष्ठ र आषाढ महिनामा कुनै पनि सार्वजनिक निर्माणका कार्य शुरु नगर्ने ब्यवस्था मिलाउने ।

## परिच्छेद-६

८.आर्थिक पारदर्शिता

क) राजश्व प्रक्षेपण, कर र राजश्वका दर निर्धारण र असुली सम्वन्धी नीतिहरु र कार्यविधिहरु निर्माण गरी लागु गर्ने ।

ख) खरिद कार्यविधि तर्जुमा गर्ने, वार्षिक खरिद योजना तर्जुमा गर्ने ।

ग) गाउँको सम्पत्ती लगत तयार गरी वेभ पेज मार्फत सार्वजनिक गर्ने ।

घ) कानुनी सीमा भित्र रही कन्टिजेन्सी खर्चको योजना र क्षेत्र निर्धारण गर्ने

ङ) प्रत्येक चौमासिकमा गाउँपालिकाको राजश्व सार्वजनिक गर्ने ।

च) पेश्की फर्छौट नगर्नेको नामावली सार्वजनि गर्ने र पेश्की फर्छौटका लागि छुटै संयन्त्र बनाई कार्य गर्ने । हरेक वर्ष वेरुजु रकम सार्वजनिक गर्ने ।

छ) पदाधिकारीहरुलाई पेश्की नदिने र आर्थिक प्रशासन र लेखा परीक्षण सम्वन्धी कर्मचारी लाई पेश्की नदिने ।

ज) आन्तरिक नियन्त्रण प्रणालीलाई सस्थागत गर्ने

झ) कर र राजश्वका दरहरु तय गर्नुपुर्व सरोकारवालाहरु संग सार्वजनिक सुनुवाई गर्ने ।

ञ) अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको ३० दिन भित्र प्रतिवेदन माथि सार्वजनिक सुनुवाई गर्ने ।

ट) गाउँपालिकाका पदाधिकारीहरुले सपथ ग्रहण गरेको ३५ दिन भित्र तथा पदावधि सकिएको ३५ दिन भित्र सम्पत्ति

विवरण सार्वजनिक गर्ने र कर्मचारीले हरेक आर्थिक वर्ष शुरु भएको ६० दिन भित्र तोकेको ढाँचामा सम्पत्ति विवरण पेश गर्न लगाउने र कार्यालयले व्यवस्थित गरी राख्ने ।

## परिच्छेद- ७

९.सुशासन प्रवर्द्धनका लागि सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोगः

**क) क्षतिपुर्ति सहितको नागरिक वडापत्र राख्नेः**

नागरिक वडापत्र, फलेक्स, डिजिटल, मोवाईल एप, अडियो नोटिस वोर्ड, वाल पेन्टिङ लाई स्थानीय भाषामा तयार गर्ने र कार्यस्थलमा नागरिक सहज पहुँच हुने स्थानमा राख्ने । हाललाई स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ अनुसार नागरिक वडापत्र  राख्ने ।

१ स्थानीय निकायले कार्यालय हाता भित्र सबैले देख्ने ठाउँमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र राख्नु पर्नेछ ।

२. बुँदा नं. १ बमोजिम राखिने नागरिक बडापत्र जिल्ला नगर तथा गाउँका मुख्य बजार केन्द्रमा राख्न सकिनेछ ।

३. यस परिच्छेद बमोजिम रहने नागरिक बडापत्रमा देहायका कुराहरु उल्लेख भएको हुनुपर्नेछ :

(क) स्थानीय तहले ऐन, नियम बमोजिम दिने सेवा सुविधाको विवरण,

(ख) सेवा सुविधा प्रदान गर्न लाग्ने समयावधि,

(ग) सेवा सुविधा प्रदान गर्ने जिम्मेवार कर्मचारी,

(घ) सेवाग्राहीले सेवा सुविधा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया,

(ङ) शुल्क दस्तुर लाग्ने भए सोको विवरण,

(च) शुल्क दस्तुर नलाग्ने भएमा सोही व्यहोरा,

(छ) सेवा सुविधा उपलब्ध हुने कार्यकक्षको नम्बर वा संकेत,

(ज) उजुरी सुन्ने अधिकारी वा निकाय,

(झ) सेवा प्रदायक स्थानीय निकायको टेलिफोन नं., इमेल र वेभसाइट,

(ञ) गुनासो, पीर मर्का राख्ने फोन नं., कर्मचारी र इमेल ठेगाना, र

(ट) गाउँसभाले तोकेका अन्य आवश्यक कुरा ।

४.यस परिच्छेद बमोजिम सार्वजनिक प्रदर्शन गरिएको नागरिक बडापत्रमा संशोधन वा परिवर्तन गर्नुपर्ने भएमा प्रत्येक वर्षको आषाढ मसान्त भित्र गरिसक्नु पर्नेछ । तर यस्तो वडापत्रलाई संशोधन गर्न आवश्यक भएमा जुनसुकै समयमा पनि गर्न सकिनेछ ।

**ख) सेवाग्राहीको गुनासो अभिलेखन र व्यवस्थापन गर्नेः**

१. स्थानीय तहले सर्वसाधारणको गुनासो पीर मर्का सुन्ने र तत्सम्वन्धी विषयलाई जिम्मेवार अधिकारी समक्ष पुऱ्याउने कामका लागि गुनासो सुन्ने केन्द्र वा ईकाइ खडा गर्नु वा पदाधिकारी तोक्नु पर्नेछ ।

२. त्यसरी खडा गरिएको गुनासो सुन्ने केन्द्र वा ईकाइलाई साधारणतया प्रवेशद्वार नजिकै राखिनेछ ।

३. यस परिच्छेद बमोजिम आएका गुनासा वा पीर मर्कालाई अभिलेखन गर्नुपर्नेछ ।

४. त्यस्तो गुनासो पीर मर्का सुन्ने प्रयोजनका लागि तहले फोन नम्बर, इमेल ठेगानाको व्यवस्था समेत गर्नेछ ।

५. यस परिच्छेद बमोजिम प्राप्त हुन आएको गुनासो पीर मर्काको सुनुवाइ गरी सोको जानकारी गुनासोकर्तालाई उपलब्ध गराउनु गुनासो सुन्ने ईकाइ वा केन्द्र प्रमुख वा पदाधिकारीको जिम्मेवारी हुनेछ ।

६. गुनासो पीर मर्काको अभिलेखको ढाँचा स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसूची-१ वा यस सुशासन (सन्चालन तथा ब्यबस्थापन)निति, २०७५ को **अनुसुचि १** बमोजिम हुनेछ ।

**ग) कार्यालयमा टोल फ्रि फोन ब्यवस्था गर्ने :** उक्त नम्बर सार्वजनिक गर्ने । सेवाग्राहीवाट आएका गुनासा,

सुझावहरुलाई अभिलेखीकरण गरी गुनासो सुनुवाई अधिकारी मार्फत सम्वोधनको अभ्यास गर्ने ।

**घ) सार्वजनिक सुनुवाईको आयोजना गर्ने :**

स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसार स्थानीय तहमा सार्वजनिक सुनुवाईको आयोजना गरिने छ । सार्वजनिक सुनुवाई गर्दा सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ को अधिनमा रहि पालना गर्नु पर्ने न्युनतम मापदण्डहरुको पालना गरी सार्वजनिक सुनुवाईको आयोजना, तोकिएको फाराममा वर्हिर्गमन अभिमत, नागरिक प्रतिवेदन र सार्वजनिक सुनुवाई सम्वन्धीको प्रतिवेदनको ढाँचा र सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता  अनुसार सार्वजनिक सुनुवाईको आयोजना गर्ने ।

**ङ) सार्वजनिक परीक्षण आयोजना गर्ने :**

आयोजनाहरूको सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न बनेको “स्थानीय निकाय सार्वजनिक

परीक्षण कार्यविधि, २०६७" अनुसार सार्वजनिक परिक्षणको आयोजना गर्ने ।

**च) सामाजिक परीक्षणको आयोजना गर्ने**

स्थानीय तहले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई ब्यवस्थित गर्न सामाजिक परीक्षण कार्यविधि, २०६७ अनुसार सामाजिक परीक्षणको आयोजना गर्ने ।

**छ) सामुदायिक अंक पत्र को आयोजना गर्ने**

स्थानीय तहले सेवाप्रदायक र सेवाग्राहीसगै बसेर सेवाप्रवाहको मूल्यांकन गर्ने तथा सुधारका क्षेत्र पहिचान गर्ने, सेवाग्राहीका गुनासा तथा सुझावको सुनुवाई गर्न, सेवाप्रदायकका समस्या तथा सीमितताको सेवाग्राहीलाई अवगत गराउन र सेवाप्रवाहमा सुधारको लागि कार्यगत र तत्काल पृष्ठपोषण दिने परिपाटी विकास गराउनका लागि सामुदायिक अंक पत्रको आयोजना गरिने छ । आयोजना गर्दा तेस्रो पक्ष संगको सहकार्य वा नागरिक समाजका संस्थासंग सहकार्य गरी आयोजना गरिने छ ।

**ज) सूचनाको हक**

नागरिकको सूचना माग्ने, पाउने र प्रसार गर्ने अधिकार सुश्चित गर्न सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ अनुसार प्रभावकारी कार्यान्वयन गर्ने ।

**झ) सार्वजनिक खर्चको सोधखोज र लेखाजोखा**

सार्वजनिक बजेटको खर्च व्यवस्थापनमा देखिएका समस्या, कमी कमजोरी सम्बन्धी वास्तविकता पत्ता लगाई तिनको समाधान गर्न र आगामी दिनमा सुधारको योजना बनाउन विषेश क्षेत्र विज्ञता राख्ने ब्यक्तिवाट यो विधिको अवलम्बन गरिने छ ।

**ञ) सुशासन मापन विधि**

स्थानीय तहमा सेवा प्रवाहमा ब्यबस्थापनको क्षेत्र विश्लेषण गर्न र समग्र गाउँपालिकको सुशासनका क्षेत्रमा सूचक सहितको मापदण्ड बनाई सुशासनको अवस्था मापन र सुधारको क्षेत्र पहिचानका लागि सुशासन मापन विधि गर्ने ।

## परिच्छेद- ८

१०. नागरिक सहभागिता

क) आयोजना तथा कार्यक्रम, उपभोक्ता समिति गठन, परिचालन समन्धी कार्यविधि तर्जुमा गर्ने, जसमा उपभोक्ता भेला , उपभोक्ता समिति गठन, आयोजना अनुगमन र सहजीकरण समिति, नेपाली भाषामा लागत अनुमान

तयारी, आयोजनाको सूचना बोर्ड , उपभोक्ता समिति अनुशिक्षण, सार्वजनिक परीक्षण, आयोजना कार्यान्वयन पश्चात नियमित सञ्चालन र मर्मत संभार सम्वन्धी ब्यवस्था, आयोजना हस्तान्तरण, अन्तिम किस्ता फर फारक सम्वन्धी भएको कार्यविधि निर्माण गर्ने ।

ख) नागरिक अनुगमन, नीतिगत र कानुनी ब्यवस्था सम्वन्धी तेस्रो पक्ष अनुगमन सम्वन्धी कार्यविधि तर्जुमा गर्ने

ग) सामाजिक परिचालन, गरिवी निवारण र गैर सरकारी संस्था परिचालन समन्धी कार्यविधि तर्जुमा गर्ने ।

घ) नागरिक समाज, सार्वजनिक र निजि साझेदारी नीति वा खुल्ला सरकार साझेदार नीतिको कार्यविधि तर्जुमा गर्ने ।

ङ) स्थानीय तहलाई निरन्तर सहयोग पुऱ्याउने नागरिकहरुलाई प्रोत्साहन र पुरस्कृत गर्ने ।

च) सार्वजनिक स्रोत ब्यबस्थापनमा मितब्ययिता र प्रभावकारिता, आयोजनाको गुणस्तरीयता र दिगोपन वनाउनका लागि समावेशी प्रकृतिको सामाजिक सहभागिता वढाउन प्रत्येक वडामा नागरिक मंच पुर्नगठन, परिचालन, स्थानीय सभा सञ्चालन, निष्पक्ष तेस्रो पक्षद्वारा निगरानी, अध्ययन, अनुसन्धान र सल्लाह सुझाव संकलन र नागरिक समाज सम्मिलित अनुगमन समिति निर्माण तथा परिचालन गर्ने ।

## परिच्छेद- ९

११.सञ्चार तथा विद्युतीय सूचना प्रविधिको विकास

क) कार्यालयको वेबसाइट निर्माण र नियमितरुपमा अद्यावधिक गर्ने

ख) कार्यालयले दिने सेवाको जानकारी दिन मोवाइल एप, वेबपेज निर्माण गर्ने साथै एफएम, टिभि, सामाजिक संजाल मार्फत गाउँपालिकाका निर्णय, आम्दानी खर्च र विकासका गतिविधि सार्वजनिक गर्ने ।

ग) सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण वा योजना निर्माणका सार्वजनिक सूचना प्रवाहका लागि मोवाईल SMC वाट जानकारी दिने ।

घ) विद्युतीय आर्थिक कारोवारमा प्रणाली स्थापना र सञ्चालन, सफटवेयर र प्रणालीको विकास र प्रयोग गर्ने ।

ङ) मासिक रुपमा कार्यप्रगति तथा आर्थिक कारोवारको विवरण पत्रकार भेटघाट मार्फत जानकारी गराउने ।

च) आवधिक तथा वार्षिक योजना, वार्षिक कार्यक्रम तथा वजेट,आम्दानी खर्च र चौमासिक प्रगति विवरणहरु स्थानीय एफ.एम रेडियो, डिजिटल, मोवाईल एप, डिजिटल डिस्प्ले मार्फत सार्वजनिक गर्ने ।

छ) गाउँपालिका ब्यबस्थापिकावाट पारित ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका वेबसाईट मार्फत सार्वजनिक गर्ने ।

ज) सेवा संग सम्वन्धित निवेदनको ढाचा तथा फारामहरु अनलाईन सेवाका फाराम, नागरिक वडा पत्र, अनलाईन गुनासो दर्ता तत्तसम्वन्धी जानकारी गाउँपालिकाका नीतिगत निर्णय, राजस्व संकलन जस्ता जानकारी वेबसाईट मार्फत सार्वजनिक गर्ने ।

## परिच्छेद- १०

१२. कार्यसम्पादन मापन

क) कार्यसम्पादन अनुगमन मूल्यांकन सम्वन्धी कार्यविधि तर्जुमा गर्ने ।

ख) सम्वन्धित कर्मचारलि गर्नु पर्ने कार्य सम्पादनको मासिक, अर्ध वार्षिक र वार्षिक नतिजाहरुको सूचक तयार गरी कार्यसम्पादन मूल्यांकन गर्ने । र कार्यसम्पादन मूल्यांकनका आधारहरु तयार गरी नियमित रुपमा आवधिक मूल्यांकन गर्ने । उत्कृष्ट कार्य गर्नेलाई पुरस्कारको ब्यबस्था गर्ने । सरुवा, वढुवालाई कार्य

सम्पादनसँग जोडने । तोकिएको लक्ष्य हासिल नगर्ने लाई कार्वाही गर्ने ।

ग) सुशासन मापनका लागि सूचक सहितको मापदण्ड निर्धारण गर्ने । सोका आधारमा स्तरीकरण गरी सुशासन मैत्री गाउँपालिका घोषण गर्ने ।

घ) सञ्चालित कार्यक्रम वा आयोजनाको नियमित रुपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा गर्ने सुझाव पृष्ठपोषण कार्यान्वयनको पद्धतिको विकास गर्ने ।

**अनुसूची १**

**सुशासन प्रवर्द्धन समिति**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| सार्वजनिक लेखा समिति संयोजक | सदस्य |
| वडा अध्यक्षहरुवाट २ जना | सदस्य |
| दलित महिला कार्यपालिका सदस्य | सदस्य |
| सामाजिक समिति संयोजक | सदस्य |
| स्थानीय उद्योग वाणिज्य संघ अध्यक्ष | सदस्य |
| नागरिक समाजका संस्था मध्येवाट १ महिला सहित २ जना | सदस्य |

(आवश्यकता अनुसार थपघट गर्न सकिने)

## अनुसूची २
## गुनासो पीर मर्काको अभिलेख

| नाम/थर/ठेगाना/फोन. न | पीर मर्का वा गुनासोको विषय | सुधार वा समाधानको सुझाव |
|---|---|---|
| | | |

प्रमाणीकरण मिति :

आज्ञाले,
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत